अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।०५ गते।

# प्रेस विज्ञप्ति

**विषयः <u>आरोपपत्र दायर गरिएको।</u>**

जिल्ला झापा, गौरीगञ्ज गाउँपालिका वडा नं. १ मा कार्यरत वडा सचिव अजय कुमार शाहले सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र जारी गर्नका लागि सेवाग्राहीलाई दुःख हैरानी दिई घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज वडा सचिव अजय कुमार शाहलाई सेवाग्राहीबाट रू.१०,०००/- (दश हजार रूपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला झापा, गौरीगञ्ज गाउँपालिका वडा नं. १ का वडा सचिव अजय कुमार शाहले सम्बन्ध बिच्छेद दर्ता प्रमाणपत्र नियमानुसार कानुनी रीत पुऱ्याई उपलब्ध गराउनुपर्नेमा आफ्नो पद तथा अधिकारको दुरूपयोग गर्दै जानीजानी ढिलासुस्ती गरी दर्ता सहजीकरण गर्ने र सम्बन्ध बिच्छेद दर्ता प्रमाणपत्र उपलब्ध गराउने प्रयोजनको लागि सेवाग्राहीसँग रू.१०,०००/- (दश हजार रूपैयाँ) घुस/रिसवत माग गरी लिएको निज अजय कुमार साह भन्ने अजय कुमार शाहको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो रू.१०,०००/- (दश हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने